# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

२०७३

प.सं.: २०७६।७७

च.नं.: ९४०

गण्डकी प्रदेश, नेपाल

मितिः २०७६।०८।१६

विषय: बेरोजगार व्यक्तिहरु सुचिकृत गर्ने सम्बन्धमा।

श्री वडा कार्यालयहरु, सबै।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७६।०८।०३, च.नं. ६७ को पत्रानुसार गत वर्षको चैत र यस वर्षको वैशाख महिनामा यस नगरपालिकामा सार्वजानिक विकास निर्माणका काममा संलग्न हुन चाहने वेरोजगार व्यक्तिहरुको सूचिकरण रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ मा भएको संसोधन अनुसार गर्नुहुन अनुरोध छ । साथै मन्त्रालयको परिपत्र यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

बोधार्थ:

सूचना प्रविधि शाखा, बेनी नगरपालिका

(इमेल मार्फत चिठी सम्प्रेषण गर्नुहुन।)

युवराज थापा

युवराज थापा
अधिकृत सातौं

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४३३
फ्याक्स नं. ०१-४२११८३३
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७६/७७
च.नं. ६६

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
दर्ता नं.:- ६२८
मितिः- २०७६।८।१९

मितिः– २०७६/०८/०३

श्री स्थानीय तहहरु सबै
(मार्फत श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

विषयः– न्यूनतम रोजगारी प्रदान गर्ने प्रयोजनका लागि व्यक्तिको आय सम्बन्धमा।

प्रस्तुत विषयमा न्यूनतम रोजगारी प्रदान गर्ने प्रयोजनका लागि गत वर्षको चैत र यस बर्षको वैशाख महिनामा स्थानीय तहमा सार्वजनिक विकास निर्माणका काममा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरुले आफुले स्थायी बसोबास गरेको वडा कार्यालयमा निवेदन दिनु भएको व्यहोरा अवगत छ। यसरी निवेदन दिएका बेरोजगार व्यक्तिहरुलाई सूचीकरण गर्ने प्रयोजनको लागि स्वरोजगारमा संलग्न व्यक्तिको आयका सम्बन्धमा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ मा देहाय बमोजिम संशोधन गरी स्पष्ट गरिएको हुँदा यसै बमोजिम बेरोजगार व्यक्ति सूचीकृत गर्नुहुन अनुरोध छ।

देहाय

(क) निवेदन दिदाँको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको ।

(ख) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मिति सम्म सोही आर्थिक बर्षमा न्यूनतम एकसय दिन रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको ।

(ग) कम्तीमा अठार वर्ष उमेर पूरा भई उनान्सट्ठी वर्ष उमेर ननाघेको ।

संशोधित नियमावली प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

राज कुमारी खत्री
शाखा अधिकृत